नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)
फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: २०७८/०७९
चलानी नं.: १००८

मिति: २०७८/११/१५

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

**विषय:-** विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र जारी गरिएको सम्बन्धमा ।

जगदुल्ला हाईड्रोपावर कम्पनी लि.
दर्ता न. १९३
मिति: २०७८/११/२४

श्री जग्दुल्ला हाइड्रोपावर कम्पनि लि.
वानेश्वर, काठमाडौं-१०, नेपाल
फोन नं. : ०१-४४७९२४२ ।

प्रस्तुत विषयमा तहाँले जग्दुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारणलाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र पाउन मिति २०७८/०८/२७ मा दिनु भएको दरखास्त अनुसार विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) तथा विद्युत नियमावली, २०५०को नियम ८ बमोजिम नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग (महानिर्देशकस्तर)को मिति २०७८/११/०१को निर्णयानुसार मिति २०८० माघ मसान्त सम्म (दुई वर्ष) बहाल रहने गरी जारी भएको विद्युत प्रसारणलाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र संख्या वि.वि.वि. ०७८/७९ वि.प्र.स. ५२६ यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

संलग्न : विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र संख्या : वि.वि.वि. ०७८/७९ वि.प्र.स. ५२६ ।

श्री प्रशासन अ. हे. २०७८/११/२२

सविन दुलाल
इन्जिनियर

**बोधार्थ:**

श्री ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार
श्री विद्युत विकास विभाग,

- आयोजना अध्ययन महाशाखा
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा
- आर्थिक प्रशासन शाखा: प्रवर्द्धकबाट मिति २०७८/०४/१३ (वि.वि.वि.आ.र.न.०२०(भौ.न.५५२०९४)) तथा मिति २०७८/०७/०८ (वि.वि.वि.आ.र.न.१५७(भौ.न.५८२२०७)) मा अनुमतिपत्र दस्तुर बापत जम्मा भएको धरौटी रु.१,००,०००/- (एक लाख मात्र), राजस्व खातामा जम्मा हुन

श्री जिल्ला जलस्रोत समिति, डोल्पा ।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत विकास विभाग

## विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र

(जगदुल्ला अर्धजलाशययुक्त ज.वि.आ. को १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजना)

अनुमतिपत्र संख्या : वि.वि.वि. ०७८/७९, वि.प्र.स. ५२६

श्री जगदुल्ला हाइड्रोपावर कम्पनी लि.,
बानेश्वर, काठमाडौं-१०, नेपाल ।

महाशय,

विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र पाउन मिति २०७८/०८/२७ मा दिनु भएको दरखास्त अनुसार देहाएको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. **विद्युत प्रसारणको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना :**

श्री जगदुल्ला हाइड्रोपावर कम्पनी लि.,
बानेश्वर, काठमाडौं-१०, नेपाल
फोन नं: ०१-४४७९२४२

२. **प्रसारण गरिने विद्युत उपलब्ध गराउने परियोजना र स्थानको विवरण :**
जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजना (१०६ मे.वा.), डोल्पा ।

३. **विद्युत प्रसारण कहाँबाट कहाँ गर्ने हो सो को विवरण :**

कर्णाली प्रदेश, डोल्पा जिल्ला, जगदुल्ला र मुड्केचुला गाउँपालिका अन्तर्गत प्रस्तावित जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजना (१०६ मे.वा.) को Switchyard देखि ने.वि.प्रा.को बाँफिकोट सबस्टेसन सम्मको करिब ५० कि.मी. १३२ के.भी. (डबल सर्किट) प्रसारण लाईन ।

४. **सर्वेक्षण गर्ने क्षेत्र :**

(क) प्रदेश : कर्णाली
(ख) जिल्ला : डोल्पा, जाजरकोट र रुकुम पश्चिम ।
(ग) गाउँपालिका/नगरपालिका : मुड्केचुला गाउँपालिका (डोल्पा), त्रिवेणी नलगाड नगरपालिका (जाजरकोट), आठबिसकोट नगरपालिका (रुकुम पश्चिम) र बाँफिकोट गाउँपालिका (रुकुम पश्चिम) ।

५. **विद्युत प्रसारणको भोल्टेज र परिमाणहरु :**
भोल्टेज : १३२ के.भी. (डबल सर्किट)
परिमाण : १०६ मेगावाट

६. **सर्वेक्षण प्रकृति :** सम्भाव्यता तथा वातावरणीय अध्ययन ।

७. **अनुमतिपत्र बहाल रहने अवधि :**

मिति : २०७८/११/०१ देखि २०८०/माघ मसान्त सम्म ।

८. अन्य शर्तहरु :

(क) त्यस संस्थाले विद्युत विकास विभाग मार्फत पेश गरेको दरखास्त साथ पेश गरिएका विवरणहरुको अधीनमा रही प्रस्तुत प्रशारण लाईन आयोजनाको संभाव्यता तथा वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(ख) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम सर्वेक्षणको कार्य तीन महिनाभित्र शुरु गरी सो को जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ। सर्वेक्षण कार्य प्रगति विवरण प्रत्येक ६/६ महिनामा विद्युत विकास विभागलाई दिनु पर्नेछ। विभागले आवश्यक देखेमा अनुगमनको प्रयोजनको लागि कुनै पनि समयमा आवश्यक विवरणहरु माग गर्न वा आयोजना क्षेत्रको स्थलगत निरिक्षण गर्न सक्नेछ।

(ग) विद्युत प्रशारणलाइन आयोजनाहरु भएमा तिनको RoW मा असर नपर्ने गरी आयोजनाको संभाव्यता अध्ययन कार्य गर्नुपर्नेछ। साथै प्रस्तावित प्रशारण लाइन आयोजनाको क्षेत्र वरिपरि अन्य प्रशारणलाइन आयोजनाहरुको सर्वेक्षण/निर्माण/संचालन कार्य भईरहेको भए ती आयोजनाहरुसंग पनि आवश्यक समन्वय गर्नु पर्नेछ।

(घ) सर्वेक्षण कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सुचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ। त्यसरी प्रवेश गर्दा कुनै हानी, नोक्सानी हुन गएमा अनुमितपत्र प्राप्त व्यक्ति वा संस्थाले नै क्षतिपूर्ति दिनु पर्नेछ।

(ङ) सर्वेक्षण कार्य सम्पन्न भएको ३० दिन भित्र ३ प्रति प्रतिवेदन विद्युत विकास विभागमा पेश गर्नु पर्नेछ।

(च) त्यस संस्थाले पेश गरेको सर्वेक्षण कार्यको कार्य तालिका (Work Schedule) बमोजिम अनुमतिपत्रको प्रकरण (७) मा उल्लेखित अवधिभित्र सम्पन्न गर्नुपर्ने आवश्यक अध्ययन कार्यहरु पुरा गरी विद्युत विकास विभागमा उल्लेखनीय प्रगती सहितको गुणात्मक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(छ) अध्ययन कार्य सम्पन्न गर्न थप समय आवश्यक परेमा कार्य सम्पन्न गर्न नसकेको यथोचित कारण समेत खुलाई पुरा भईसकेका अध्ययन कार्यहरुको प्रगति विवरण सहित प्रक्रिया पुर्‍याई नवीकरणका लागि दरखास्त दिएमा यस अनुमतिपत्रलाई नवीकरण गर्न सकिनेछ। अन्यथा यो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(ज) आयोजनाको मोटामोटी रुट नक्सा संलग्न अनूसुची १ (टोपो नक्शाको Route Alignment) बमोजिम हुनेछ।

(झ) प्रस्तावित आयोजनाको अध्ययन कार्य गर्दा प्रचलित कानुन अनूसार IEE वा EIA गर्नु पर्ने भएमा सो पनि गर्नु पर्नेछ। वातावरण सम्बन्धी अध्ययन वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ र अन्य वातावरण सम्बन्धी प्रचलित कानूनी प्रावधानहरु अनुसार गर्नु पर्नेछ। साथै राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र वन ऐन, २०४९ लगायतका अन्य कानूनी प्रावधानको अवलम्बन गरी अध्ययन गर्नु पर्नेछ।

(ञ) यस अनुमतिपत्रद्वारा सर्वेक्षण गर्न अनुमति दिईएको आयोजना निर्माण गर्न चाहेमा प्रकरण (६) मा उल्लेख भएका सम्पूर्ण अध्ययन कार्यहरु सम्पन्न गरी विद्युत नियमावली, २०५० को नियम १९ बमोजिम यस सर्वेक्षण अनुमतिपत्रको म्याद भित्रै नियम १३ बमोजिमका विवरणहरु खुलाई विद्युत प्रशारणको अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ।

(ट) यस अनुमतिपत्र बमोजिमको सर्वेक्षण गर्न लाग्ने सम्पुर्ण रकम त्यस संस्था आफैले व्यवस्था गर्नु पर्नेछ र त्यस्तो खर्च प्रति नेपाल सरकारको कुनै दायित्व हुने छैन।

(ठ) नेपाल सरकारको अनुमतिविना यो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्न पाइने छैन।

(ड) त्यस संस्थाको स्वामित्वको संरचनामा कुनै हेरफेर वा परिवर्तन भएमा सोको जानकारी विद्युत विकास विभागलाई अविलम्व दिनु पर्नेछ।

(ढ) यस अनुमतिपत्रमा उल्लेख भए भन्दा फरक हुने गरी आयोजनाको अध्ययन गर्नु पर्ने भएमा सो को पूर्व स्वीकृति लिनु पर्नेछ।

(ण) यस अनुमतिपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा आवश्यकता एवं औचित्यका आधारमा यस विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ।

(त) प्रस्तावित आयोजनाको अध्ययन कार्य गर्दा प्रचलित कानून अनुसार विभिन्न निकायबाट स्वीकृती लिनु पर्ने भए सो पनि गर्नु पर्ने छ।

(थ) प्रचलित ऐन नियमहरुको अधीनमा रही आयोजनाको सर्वेक्षण कार्यको लागी आवश्यक पर्ने सामाग्रीहरु एवं संचार सुविधासंग सम्वन्धित सामाग्रीहरुको सिफारिशका लागी प्रवर्द्धकले अनुरोध गरेमा विद्युत विकास विभागले आवश्यक सहयोग गर्नेछ।

अनुमतिपत्र दिने अधिकारीको

सहि

नाम : सन्दीप कुमार देव


पद : महानिर्देशक

विद्युत विकास विभाग

मिति : २०७८/११/०१

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

# Transmission Line Route Alignments of 132kV - Jagdulla PRoR Hydroelectric Project




**Client:**

JAGDULLA HYDROPOWER COMPANY LIMITED
जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

**Consultant:**

एनइए इन्जिनियरिङ्ग कम्पनी लि.
NEA ENGINEERING COMPANY LTD.

Coordinate System: Nepal Nagarkot TM 84
Projection: Transverse Mercator
Datum: Nepal Nagarkot
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter

**Legend**

| | |
|---|---|
| Route I | Route I Angle Point |
| Route II | Route II Angle Point |
| Route III | Route III Angle Point |